☎ ०२५-५६५१७९
Email- dgao.sunsari@ag.gov.np

# जिल्ला सरकारी वकील कार्यालय

## सुनसरी, इनरुवा।

पत्र संख्या:-०८२/०८३

चलानी नं.:-

मिति:- २०८२-०७-१३

नेपाल संवत:११४६

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/१३)

यस कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर दीपक न्यौपानेको अन्यत्र सरुवा भएकोमा यस कार्यालयको कामकाज नियमित गर्नका निमित्त लोकसेवा आयोग तथा सरुवा प्रकृयाबाट पदपुर्ती नहुन्जेल सम्मको लागि सेवा करारमा कामकाज गराउन श्री महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ काठमाण्डौमा मिति २०८२।०७।१२ गते सहमती माग गरिएकोमा महान्यायाधिवक्ताको कार्यालयबाट च.नं. ६४० मिति २०८२।०७।१३ गते सहमती प्रदान भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूले तोकिएका कागजात सहित यस कार्यालयको प्रशासन शाखामा स्वयं उपस्थित भई अथवा यस कार्यालयको E-Mail ठेगाना gsawakainaruwa@gmail.com मार्फत सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दरखास्त दिनुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१) शैक्षिक योग्यता: न्यूनतम शैक्षिक योग्यता +२ वा सो सरह उत्तिर्ण गरी कम्तिमा छ महिने आधारभूत कम्प्युटर तालिम लिएको हुनुपर्ने।

२) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात: नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र प्राप्त तालिमको प्रमाणपत्रलाई उम्मेदवार स्वयमले प्रमाणित गरेको प्रतिलिपि ।

३) हस्तलिखित दरखास्त निवेदन बुझाउने स्थान / ठेगाना: प्रशासन शाखा-जिल्ला सरकारी वकील कार्यालय, सुनसरी वा Email- gsawakainaruwa@gamil.com

४) करार अवधि: सम्झौतामा उल्लेख भए वमोजिम।

५) सेवा सुविधा: नेपाल सरकारले तोके वमोजिम।

६) छनौट प्रक्रिया: कम्प्युटर सीपको प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

७) कम्प्युटर सिप परिक्षणको पाठ्यक्रम: नेपाली टाइपिङ, वर्ड सेटिङ, फन्डामेन्टल अफ कम्प्युटर, अभियोग पत्रको खेस्रा तयारी, पुनरावेदन पत्रको खेस्रा तयारी ।

८) कानूनी प्रावधानका लागि अनलाईन मार्फत वा आफैले पुस्तक ल्याई प्रयोग गर्न पाइने छ ।

९) परीक्षा मिति पछि तोकिने छ ।

**नोट:- सम्बन्धित क्षेत्रको कार्यानुभव भएकालाई विशेष प्राथमिकता दिईने छ ।**

२०८२/७/१३

(भिम प्रसाद भुर्तेल)

जिल्ला न्यायाधिवक्ता